# न्यायमा सुरक्षित रहनुहोस्     Pastor S. James

<u>May 19th, 2022</u>

*प्रार्थना*

*प्रभु धन्यबाद , धन्यबाद , धन्यबाद हामीलाइ तपाइको बचन बुझ्न को लागी समझको आखाँ खोलिदिनुहोस् । जीवनको अन्त सम्म धैर्यधारण गरेर बिश्वासमा चल्नको लागी हामीलाइ सामर्थ दिनुहोस् प्रभु । हाम्रो हर पलमा तपाइ हुनुहोस् प्रभु । यो सबै बिन्ति प्रार्थना येशु मशिह को नाममा आमेन ।*

हामीले नुहको बारेमा सिक्नु पर्छ कारण येशुले भन्नुभयो अन्त को दिन नुहको दिनको जस्तै हुनेछ ।

हिब्रु ११:७ 7 नूहले त्यसबेला सम्म जुन देखेकै थिएनन् त्यसको लागि उनलाई परमेश्वरले चेतावनी दिनुभयो, परमेश्वर प्रति नूहको विश्वास र श्रद्धा थियो। यसर्थ उनले आफ्नो परिवारलाई बचाउन एउटा ठूलो जहाज बनाए। आफ्नो विश्वासले संसार गल्ती छ भन्ने उनले देखाए अनि विश्वासद्वारा परमेश्वरका धर्मी बनिने ती मानिसहरूमध्ये उनी एकजना भए।

नुहले त्यति बेला नदेखेको कुराको चेतावनी पाए । हामीले पनि नदेखेको कुरा को चेतावनी पाएका छौ । नुहले परमेश्वर बाट एउटा चेतावनी पाए पछि परमेश्वरले दिएको काम परमेश्वरमा डर र भक्ति साथ उसले आफ्नै परिवारलाइ बचाउनको लागी पुरा गरे । यसरी नुहले उद्धार को निम्ति उसले एउटा काम गरे र त्यो कामले संसारलाइ न्याय गर्‍यो र आउने धार्मीकताको उत्तराधिकारी भयो । यो सबै काम नुहले बिश्वास द्धारा गरे । त्यसै गरी सबै मान्छेको लागी एक दिन न्याय राखेको छ । सबै को लागी न्याय सुनिस्चीत राखेको छ । यो न्याय कसैले पनि देखेको छैन यो नदेखेको कुरा हो । यो न्याय को हामीले चेतावनी पाएका छौ । यो चेतावनीलाइ हामीले परमेश्वरमा भए मानेर र भक्तिसाथ हामीले त्यसको लागी तयारी गर्नुपर्छ ।  हामी परमेश्वरमा किन डर मान्छौ ?

मत्ति १०:२८ 28 मानिसहरूदेखि नडराऊ। तिनीहरूले तिम्रो शरीलाई मात्र मार्नेछन्। तिनीहरूले आत्मालाई मार्न सक्ने छैनन्। तिमीहरू त्यससंग डराउनु पर्नेछ जसले तिम्रो शरीर र आत्मालाई नै र्नकमा लैजान्छ। उहाँले शरीर र आत्मालाई नरकमा पठाउनु सक्नु हुन्छ।

हाम्रो जीवनमा धेरै डरहरु छन् हामी पानी , आगो , जानवर , अन्धकार , भुकम्प , प्रलय यस्ता धेरै कुराहरु देखी हामी डर्छौ । यो स्वभाबिक हो । हामी यि चीजहरु संग डराउनु को कारण हाम्रो शरीरलाइ मार्न सक्छन् । हामी शरीर मार्ने संग यति धेरै डराउछौ भने हाम्रो आत्मा र शरीर दुबै मार्ने संग अझ बढि डराउन जरुरी छ । हामी परमेश्वरमा डराउनु को कारण हाम्रो प्राण र आत्मा दुबैलाइ अग्नि कुण्डमा हाल्न सक्ने शक्ति मात्र परमेश्वरमा छ । त्यसकारण जब हामीलाइ परमेश्वरले हामीलाइ न्याय को बारेमा चेतावनी दिदा खेरी हामीमा डर हुनुपर्छ ।

१ कोरिन्थी ६:९

अधर्मीहरु परमेश्वरको राज्यको हकदार हुदैनन् । किनभने परमेश्वर धर्मी हुनुहुन्छ । परमेश्वर को राज्यको राज दण्ड धार्मीकता हो । चेतावनी सबै अधर्मी को लागी हो । अधर्मी परमेश्वरको राज्यको हकदार हुदैन । त्यस कारण हामी डराउछौ कारण परमेश्वरमा हाम्रो प्राण र शरीर दुबैलाइ अग्निकुण्डमा हाल्न सक्नुहुन्छ । हाम्रो न्याय हुदा खेरी उहाँ को धार्मीकताको अनुसार हुन्छ ।

२ पत्रुस ३:१०-११ 10 तर, त्यो दिन जब परमप्रभु आउनु हुन्छ, चोर जस्तै एक अचम्म प्रकारले आउनु हुनेछ। आकाश एक प्रबल गर्जनले अदृष्य हुनेछ।
आकाशमा भएका सबै थोकहरु आगोले नष्ट पार्नेछ। अनि पृथ्वी र यसमा भएका सबै थोकहरु आगोले जलाउनेछ।
11 यसर्थ, मैले भनेको जस्तै हरेक कुरा नष्ट हुनेछ। यसर्थ तिमी कस्तो किसिमको मानिस हुनुपर्छ? तिमीहरुले पवित्र जीवन जिउनु पर्छ अनि परमेश्वरको सेवा गर्नुपर्छ।

परमेश्वर पवित्र भएको कारण यो संसारको सबै अपबित्र थोकलाइ प्रभुले आगोले जलाउनुहुनेछ ।मान्छेको पापको कारण यो पृथ्वी पनि अपबित्र भएको छ जसले गर्दा परमेश्वरले यो पृथ्वी समेत जलाइदिनुहुनेछ । त्यसकारण परमेश्वर संग हामी डराउनु पर्छ कारण परमेश्वर संग मात्र हाम्रो प्राण र शरीर दुबैलाइ नास गर्ने शक्ति छ । दोस्रो उहाँ धार्मीक भएको कारण हामी पनि उहाँ को धार्मीकतामा अगाडि अगाडि बढ्नु पर्छ । तेस्रोमा पबित्रतामा र भक्तिमा अगाडि बढ्नुपर्छ । त्यसकारणले गर्दा नुह हाम्रो लागी एक प्रतिक हुन् । नुह को समयमा मान्छे सबै अपबित्रतामा र अधार्मीकतामा चलेको बेला नुहले परमेश्वर बाट चेतावनी पाउदा परमेश्वरमा डर राखेर भक्तिको साथ पबित्रतामा उसले परमेश्वरले भने अनुसार आउने न्याय देखी आफ्नै परिवारलाइ बचाउन को लागी  काम गरे । नुहको समयमा मान्छेहरु ४ प्रकारका थिए । पहिलो प्रकारको मान्छे भन्नाले  प्रलय आउनु भन्दा अगाडि मरेको मान्छे । दोस्रो प्रकारको मान्छे प्रलयमा मरेको मान्छे । तेस्रोमा प्रलय द्धारा बाहिर निस्केको मान्छे ।प्रलय द्धारा बाहिर निक्लेको मान्छे ८ जना मात्र थिए ।  चौथो प्रकारको मान्छे प्रलय अगाडि मरेन , प्रलयमा पनि मरेन , प्रलय द्धारा पनि बाचेन त्यो जिउदै उठाएर लगेको हनोक एक जना यि सबै

जना हाम्रो लागी प्रतिक हुन् । त्यसैगरी हाम्रो समयमा पनि परमेश्वरको न्याय आउनु अगाडि मर्ने मान्छे छन् । न्यायमा मर्ने मान्छे हुन्छन् र न्याय को बिच देखी आउने मान्छे छन् । यो सबै हुनुभन्दा पहिला उठाएर लग्ने मान्छे पनि हुन्छ । यि चार प्रकारका मान्छेहरुमा हामी कुन मान्छेमा पर्छौ थाहा छैन भने हामीलाइ थाहाँ हुनुपर्छ । हामी न्यायमा मर्ने मान्छे हुनुहुदैन । न्याय आउनुभन्दा अगाडि मर्नु पर्‍यो होइन भने न्याय देखी बाच्नु पर्छ ।

२ पत्रुस ३:५-७ [5]तर ती मानिसहरु धेरै अधि के घटेको थियो सो सम्झन चाहँदैनन्। आकाशहरु थिए अनि परमेश्वरले जलबाट पृथ्वी सृष्टि गर्नु भयो। यी सबै परमेश्वरको बचन अनुसार हुन गयो।
[6]तब त्यस संसार जो अस्तित्वमा रहेको थियो, बाढी आयो अनि पानीले ध्वंश पार्यो।
[7]अनि परमेश्वरको त्यही बचनले आकाश अनि पृथ्वी आगोले नष्ट पार्न राखिएको छ। आकाशहरु अनि पृथ्वी न्यायको दिनको निम्ति साँची राखिएको छ अनि परमेश्वरका विरुद्धको सबै मानिसहरु विनाश गरिनेछन्।

नुहको समयमा परमेश्वरले एउटा चेतावनी दिनुभयो न्याय आउदैछ पस्चाताप गर , धार्मीकतामा चल तर कसैले पनि बिश्वास गरेनन् । मात्र नुह र नुहको परिवारले बिश्वास गरे र प्रलय आउदा खेरी उनीहरु मात्र बाचे । जब हाम्रो पनि न्याय आउछ त्यति खेर पृथ्वी मात्र नभएर आकाश पनि आगोले जलाइ दिनुहुनेछ । र नयाँ आकाश र नयाँ पृथ्वी परमेश्वरले शृष्टि गर्नुहुनेछ । दियाबलसको पापले आकाश अपवित्र भयो मान्छेको पापले पृथ्वी पनि अपबित्र भयो । यो सबै पापको लागी परमेश्वरले एउटा न्याय राख्नुभएको छ । त्यसैले परमेश्वरले हामीलाइ अहिले नै त्यसको चेतावनी दिइसक्नुभयो हामी सचेत हुन जरुरी छ ।

प्रेरित १०:३४-३५ [34]पत्रुसले बोल्न शुरू गरे, "अब मैले साँच्चै बुझ्नु कि परमेश्वरको निम्ति सबै मानिसहरू एक समान हुन्।
[35]अनि हरेक राष्ट्रमा परमेश्वरले त्यसलाई स्वीकार गर्नुहुन्छ, जसले उहाँको आराधाना गर्छ अनि जे सही छ त्यो गर्छ।

पत्रुस यहुदि जाति थिए । उनले पहिलो चोटि अन्यजाति को घरमा येशुको बारेमा शिक्षा दिदैछन् । पत्रुसले भने हरेक जातिमा जो उहाँ संग डराउछ र उचित काम गर्छ ,त्यो उहाँको सामने ग्रहण योग्य हुन्छ । यो भनेको उनीहरुले उद्धार पाउछन् भनेको होइन , उनीहरुको लागी उद्धार परमेश्वरले घर घरमा पुर्‍याउनुहुन्छ भनेको हो । २ वटा कुरा को बारेमा लेखेको छ । पहिलो उनीहरु परमेश्वरमा डर्छन् र दोस्रो परमेश्वरमा सही कुरा गर्छन् । परमेश्वर को डर पापीहरु को बिचमा पनि कोहि पापी परमेश्वरमा डर राख्छन् कोहि पापी परमेश्वरमा डर राख्दैनन् ।

लुका२३:३९-४० [39]एकजना अपराधीले येशूलाई अपमान गर्दै भन्यो, "के तपाईं ख्रीष्ट हुनुहुन्न? त्यसो हो भने आफूलाई बँचाउनु होस् अनि हामीलाई पनि बचाउनुहोस्।"
[40]तर अर्को अपराधीले गाली गर्यो अनि भन्यो, "के तिमी परमेश्वससँग डराउँछौ?हामी चाँडै मर्नेछौं।

२ अपराधीहरु मध्य एक अपराधीले परमेश्वर माथि डर राख्यो अर्को अपराधी मृत्युको पास जादा पनि परमेश्वरको डर उसले राखेन । यो २ ब्यक्तिमा जसले परमेश्वरमा डर मान्यो उसैको उद्धार भयो । अन्य जातिमा हिन्दु होला , जैन होला , चाहे कोहि पनि होला यदि उनीहरु को बिचमा परमेश्वर को डर छ भने परमेश्वर को सुसमाचार उनीहरु को बिचमा पुग्छ र उनीहरुले परमेश्वरलाइ स्वीकार गर्छन् । कर्णलीयस को बारेमा प्रेरित को पुस्तकमा यो लेखेको छ कि कर्णलीयसले परमेश्वरको डर राख्थे जसले गर्दा उनी सम्म परमेश्वरको सुसमाचार पुग्यो ।नुह को समयमा मान्छेहरुमा परमेश्वरको डर नै थिएन । अन्त को समयमा पनि मान्छेहरुमा परमेश्वरको डर नै हुदैन । त्यस्तो अबस्था आउदा हामी न्याय को पास आएका छौ । नुहले परमेश्वरले भन्नुभएको अनुसार भक्ति साथ परमेश्वरको डर को साथ काम गरे । त्यसकारणले गर्दा उद्धार पाएकाहरुका बारेमा फिलिपीको पुस्तकमा यसरी भन्छ ।

फिलिपी २:१२ [12]मेरा प्रिय साथीहरू! तिमीहरूले सँधै भनेको कुरा मानेकाछौ। जब म तिमीहरूसित थिएँ, तिमीहरू परमेश्वरको आज्ञाकारी थियौ। यो अझ धेरै महत्वपूर्ण कुरो छ कि अहिले मेरो अनुपस्थितिमा पनि तिमीहरूले परमेश्वरको आज्ञा मान्छौ। मेरो सहायता बिनै पनि तिमीहरूले आफ्नो मुक्तिकोलागि कोशिश गर। परमेश्वरको डर र आदर गरेर यसो गर

परमेश्वरमा डर राखेर मात्र हामी उद्धार को काम गर्न सक्छौ । जो जो परमेश्वरमा डर र कम्प साथ उद्धार को काम गर्छ त्यसले मात्र परमेश्वरले बोलेको हर कुरा मान्छ । जसले परमेश्वरको भय मान्दैन उसले परमेश्वरले भनेको हरेक कुरा मान्दैन । नुहले परमेश्वरले भनेको एक एक कुरा मानेर जाहाज बनाए । नुह को परिवारलाइ बचाउनु को मुख्य कारण

उत्पत्ति ७:१६[16]यी सबै पशुहरु परमेश्वरले नूहलाई दिनु भएको आज्ञा अनुसार जोडी जोडी भएर आए। त्यसपछि परमप्रभुले जहाजको ढोका बन्द गरिदिनु भयो।

नुहले पुरा परमेश्वरको आज्ञा पालन गरेर गरेर जाहाज भित्र बाहिर अलकत्राले लिपेर सबै गरेर पनि अन्तिममा ढोका परमेश्वरले बन्द नगरेको भए नुह बाच्ने थिएन । नुह र नुह को परिवार बाच्नुको कारण परमेश्वरको हात भएर मात्र हो ।

यहुन्ना १०: [27]मेरो भेडाहरू मेरो आवाज सुन्दछन्। म तिनीहरूलाई जान्दछु र तिनीहरूले मलाई पछ्याउँदछन्।
[28]म मेरा भेडाहरूलाई अनन्त जीवन दिंदछु। तिनीहरू कहिल्यै मर्ने छैनन्। अनि कसैले पनि तिनीहरूलाई मेरो हातबाट खोसेर लान सक्तैन।
[29]मेरा पिताले मेरो भेडा मलाई दिनु भयो। उहाँ सबैभन्दा महान हुनुहुन्छ। कसैले पनि मेरो पिताको हातबाट भेडा खोसेर लान सक्तैन।

यहाँ २ वटा हात को बारेमा लेखेको छ । पिता को हात येशु को हात । नुह को जीवनमा पनि परमेश्वर को हात नभए को भए नुह र नुह को परिवार त्यो न्याय बाट बाच्दैनथे । त्यसैले हाम्रो जीवनमा परमेश्वर को डर हुनुपर्छ र परमेश्वर को डरमै अगाडि अगाडि बढ्नु

पर्छ । परमेश्वरमा डर मानेर उहाँ को आज्ञा अनुसार हामी जीउछौ भने हामीले आउने न्याय संग डराउनु पर्दैन । कति चोटि हामी धार्मीकतामा चल्दा खेरी धार्मीकताको इनाम हामीले छिटो पाउदैनौ । जीवन भर परमेश्वर को डर मै जीएर जीएर न्याय पनि आउदैन भनेर हामीलाइ निरास हुन्छ । एक दिन जब न्याय आउछ त्यो दिन हामी खुसीका साथ परमेश्वरलाइ धन्यबाद चढाउछौ । यो सबै नदेखेको कुराहरु हामी बिश्वासमा गर्छौ । हामीले नुह को जस्तो १२० शाल सम्म गर्नु पर्दैन किनभने हामी कोहि पनि १२० शाल सम्म यस संसारमा रहदैनौ । हामीले परमेश्वर बाट पाएको अनुग्रह असल हुन को लागी हाम्रो बिश्वास पनि असल हुनुपर्छ । नुह को जीवन बाट हामीले सिक्नु पर्छ नुहलाइ परमेश्वरले काम दिए पछि १ शाल होइन २ शाल हैइन १२० शाल उनले मिहेनत गरे । त्यस कारणले हामीले पनि हाम्रो बिश्वास को जीवनमा पछाडि जाने होइन नुह को जस्तो निरन्तर अगाडि बढ्दै जानु पर्छ । १२० शाल सम्म नुहलाइ धेरैले मजाकमा उडाए तर धेरै लामो समय सम्म को परिश्रम गरेपछि नुह नयाँ शृष्टि को हकदार बने । नुह भनेको हाम्रो लागी शारिरीक रुपमा उदारहण हो । येशुले भन्नुभयो यो युगको अन्त नुह को पाला को जस्तै हुनेछ । नुह को समयमा भएका मान्छेहरु को किन नास भए ? पहिलो कारण पबित्र आत्मा सबै मान्छेको हृदयमा बोल्नुहुन्छ त्यो मान्छेहरुले तिरस्कार गरे ।  अलग अलग तरीकामा पबित्र आत्मा मान्छेहरु को जीवनमा काम गर्नुहुन्छ ।

रोमी १:१८-२० 18 परमेश्वरको क्रोध स्वर्गबाट प्रकट भयो। किनकि मानिसहरूले उहाँको विरूद्धमा दुष्ट र नराम्रा कामहरू गरे। तिनीहरूसँग सत्य छ, तर त्यो सत्य उनीहरूका दुष्ट-कार्यले लुकाई दिएको छ।
19 परमेश्वरले आफ्नो क्रोध देखाउनुभयो, किनभने उहाँको बारेमा जान्नुपर्ने प्रत्येक कुरो परमेश्वरले स्पष्टसित देखाइदिनु भएकोछ। हो, उहाँले आफ्नो बारेमा सबै कुराहरू स्पष्ट बताई दिइसक्नु भएकोछ।

परमेश्वर को शृष्टि हेर्दा खेरी परमेश्वर को गुण , सामर्थ , शक्ति सबै कुराहरु शृष्टिमा देख्न सक्छौ । हाम्रो शृष्टिकर्ता को शृष्टि हामीलाइ आत्माले देखाउनुहुन्छ । इण्डियाको पुरानो इतिहासमा हेर्दा खेरी एउटा परमेश्वर मात्र हुनुहुन्छ । चाइनिजहरु को परमेश्वर पनि एउटा मात्र हुनुहुन्छ । किनभने शृष्टिलाइ हेर्दा खेरी मान्छेलाइ थाहाँ हुन्छ , एउटा परमेश्वर मात्र हुन सक्छ ।

रोमी २:१४-१६ 14 गैर-यहूदीहरूसँग व्यवस्थानै छैन। तर जब उनीहरूले व्यवस्था अनुरूपका कुराहरू स्वभावतः गर्छन् भने तिनीहरूसँग व्यवस्था नभए ता पनि व्यवस्था भएकै बराबर हो।
15 किनकि तिनीहरूले सिद्ध गर्छन कि व्यवस्थाले भने अनुसारको कुरा उनीहरूको हृदयमा लेखिएको हुन्छ। र उनीहरूका विवेकले पनि उनीहरूलाई त्यसै भन्छ। अनि उनीहरूको कर्म अनुसारका विचारहरूले तिनलाई दोष्याउँछन वा समर्थन गर्छन्।
16 यी सम्पूर्ण कुराहरू त्यस दिनमा मात्र हुने गर्दछ जब परमेश्वरले मानिसहरूका हृदयका गुप्त कुराहरूको न्याय गर्नुहुनेछ। अनि जुन सुसमाचार म प्रचार गर्दछु, यसले यही भन्छ कि परमेशवरको न्याय ख्रीष्ट येशू द्वारा हुनेछ।

हामी सबै जनालाइ परमेश्वरले विबेक दिनुभएको छ । त्यो बिवेकले भन्छ हामीलाइ यो गर् त्यो नगर् । त्यो हाम्रो बिवेकलाइ हामीले तिरस्कार गर्‍यौ । बचनमा लेखेको कुरा पनि सबै तिरस्कार गर्‍यौ र बिवेकमा भएको कुरालाइ पनि तिरस्कार गर्‍यौ। जसले गर्दा शृष्टिकर्ता को आराधना गर्नु पर्नेमा शृष्टि को आराधना गर्‍यौ । त्यसकारणले मान्छेहरुमा बिवेक नै गयो जसले गर्दा मान्छेले मान्छेको हत्या गर्दा केहि समस्या भएन , चोर्दा केहि समस्या छैन यस्तै थुप्रै थुप्रै खराब काम गर्दा केहि समस्या छैन । अमेरीकामा धेरै देशहरुमा गर्भपात गर्न को लागी स्वीकिर्ती चाहियो भनेर अधिकार माग्दैछन् । मान्छेले पहिलो यो शृष्टिलाइ देखेर पनि परमेश्वरलाइ तिरस्कार गरे र साथै बिवेकलाइ पनि तिरस्कार गरे । त्यति मात्र नभएर आफ्नै अगाडि नुहले १०६ शाल जाहाज बनाइरहे र पनि मान्छेले यो सोचेनन् कि यो मान्छे पागल पनि होइन र पनि जाहाज बनाको बनै गर्दैछ यसमा केहि न केहि त छ भनेर । एक जनाले पनि बिश्वास गरेनन् । चौथोमा नुह धार्मीकताको प्रचारक पनि थिए  र पनि यिनीहरुले उसको आवाज पनि सुनेनन् । त्यसकारणले उनीहरु माथि परमेश्वर को न्याय आयो । त्यसरी नै हाम्रो जीवनमा पनि यो शृष्टिलाइ हेर्दा संसारमा कुनै जगामा पानी परीरहेको हुन्छ । कुनै जगामा खडेरी पर्दैगरेको हुन्छ । काहि गर्मी त काहि ठण्डा र साथै माहामारी , भुकम्प , बाढि , पैरो , सुनामी , भोकमरी , झगडा यो सबै कुराले हामीलाइ चेतावनी दिइरहेको छ कि न्याय को दिन आउदैछ । यो सबै देखे पछि हाम्रो जीवनमा परमेश्वर प्रति डर उत्पन्न हुनुपर्छ , र साथै भक्ति को साथ परमेश्वर को आज्ञा अनुसार जिउनुपर्छ । हाम्रो जीवनमा यो सबै कुराहरु देखेर परमेश्वरमा अझै बिश्वास गर्ने र प्रार्थनामा अझै समय दिने , परमेश्वरको बचन निरन्तर पढ्ने काम हामीमा हुनुपर्छ । नत्र भने हामी पनि नुह को युग को मान्छे जस्तै हुन्छौ सुन्दैछौ , देख्दैछौ र पनि मानेका छैनौ । त्यसकारण मन फिराउनु पर्छ पस्चाताप गर्नुपर्छ । मन फिराएनौ भने पस्चाताप गरेनौ भने हाम्रो उद्धार हुन सक्दैन । बिश्वासको अगाडि पस्चाताप हुन्छ । संसारको कुरा छोडेर बाहिर बाट भित्र मण्डलिमा पस्नु पर्छ । संसारको कुरा संसारमा नै फ्याक्नु पर्छ मण्डलिको भित्र लिएर जानु हुदैन । नुहले बाहिर को संसार देखी अलग भएर पस्चताप गरे ।

मर्कुस १:३-४ 3 ‘उजाड-स्थानमा कोही कराईहेकोछः परमप्रभुको बाटो तयार पार, उहाँका गोरेटोहरू सोझो बनाओ।’”
4 बप्तिस्मा दिने यूहन्ना आए अनि उजाड-स्थानमा मानिसहरूको बप्तिस्मा गर्ने काम गरे। तिनले मानिसहरूलाई भने आफ्नो जीवन परिवर्तन गर्न चाहेको देखाउनलाई बप्तिस्मादिनु पर्छ। यसरी तिनीहरुको पापहरूको क्षमा हुनेछन्।

परमप्रभु आउन को लागी एउटा मार्ग तयार गर्नु पर्छ । मन फिराउनु भनेको पस्चाताप गर्नु भनेको ,परमेश्वर आउनको लागी मार्ग तयार गर्नु हो । नुह धार्मीकताको प्रचारक थिए । यहुन्नाले भने पस्चाताप गर् किनभने परमेश्वर को राज्य नजिक आउदैछ , भन्नुको मतलब न्याय को दिन नजिक आउदैछ । परमेश्वरको बाटो तयार गर्नको लागी पस्चाताप गर्नु पर्छ जब सम्म पस्चाताप गरेको छैन परमेश्वर माथि बिश्वास गर्न सक्दैन । लाउडेसिया को मण्डलीलाइ परमेश्वर ढोकामा आएर पस्चाताप गर भनेर ढकढक्याउनु हुन्छ । परमेश्वर ढोकामा बसेर भन्नुहुन्छ जब सम्म पस्चाताप गर्दैनौ तब सम्म म भित्र आउन सक्दिन । परमेश्वर पबित्र र सिधा हुनुहुन्छ , हामी सिधा छैनौ र पबित्र पनि छैनौ यस्तो बाटोमा परमेश्वर आउनुहुन्न । त्यसैले प्रभु आएको हामी चाहन्छौ भने पस्चाताप गरेर बाटो

सिधा बनाउनु पर्छ । हामी सबै धार्मीकताको प्रचारक हौ । नुह पनि धार्मीकताको प्रचारक थिए । उनले धार्मीकताको प्रचार गरे र पनि कोहि पनि पस्चाताप गरेनन् । जो पनि पस्चाताप गरेर,गरेर,गरेर अन्तिममा भित्र पसे ढोका बन्द भयो , न्याय आयो न्याय देखी बचेर यिनीहरु बहिर आए । र जो जतिले पस्चाताप गरेनन् तिनीहरु सबै को माथि न्याय आयो ।

उत्पत्ति ८:१ ह र उनीसित जहाजमा जो मानिस पशु र चराहरु थिए, तिनीहरुलाई परमेश्वरले सम्झनु भयो। परमेश्वरले पृथ्वीमा हावा बहाउनु भयो। र पानी बिस्तारै घट्न थाल्यो।

परमेश्वरले सबैलाइ सम्फनु भयो । परमेश्वरले नुहलाइ याद गर्नु भयो । जस जसले परमेश्वरको आवाज सुनेका छन् । जस जसले प्रार्थना को उत्तर पाएका छैनन् । प्रभु ले उनीहरुलाइ बिर्सिनु भएको छैन ।

उत्पत्ति १९:२९ [29]त्यस बेंसीको शहरहरूलाई परमेश्वरले नाश पार्नु भयो। तर परमेश्वरले जब यस्तो गर्नु भयो उहाँले अब्राहामलाई सम्झनु भयो र तिनको भतिजोलाई बचाउँनु भयो। लूत बेंसीको शहरहरूमा बसो-बास गर्दथिए तर शहरहरू नष्ट पार्नुअघि परमेश्वरले त्यहाँबाट बाहिर भगाउनु भयो।

हामीले हाम्रा आफन्तहरुको लागी गरेको प्रार्थना परमेश्वरले बिंसनु हुन्न उहाँलाइ याद छ । परमेश्वरले नुहलाइ याद गरे । परमेश्वरले लुतलाइ अब्राहाम को कारण बचाउनु भयो । यो कुराहरु हेर्दा हामीले हाम्रो परमेश्वर माथि आशा कहिल्यै छोड्दैनौ । कुन दिन परमेश्वरले हाम्रो प्रार्थना सुन्नुहुन्छ हामीलाइ थाहाँ छैन तर जीवन को अन्तिममा होला हामीले जसको लागी प्रार्थना गरेका छौ त्यसले उद्धार पाउछ ।

उत्पत्ति ३०:२२ [22]त्यसपछि परमेश्वरले राहेलको प्रार्थना सुन्नु भयो अनि राहेललाई नानीहरू जन्माउनु सम्भव गराई दिनु भयो।

राहेलले निरन्तर मलाइ नानी चाहियो भनेर परमेश्वरमा बिन्ति चढाइन् परमेश्वरले २० शालको पछि मात्र उत्तर दिनुभयो ।

परमेश्वरले राहेल को प्रार्थना बिंसनु भएन । हाम्रो सेवाकाइ फलदायी छैन होला १० शाल सेवाकाइ गर्दा पनि सेवाकाइ बिलकुलै बढेको छैन होला २० शाल भयो होला तर हामीले प्रार्थना गर्न छोड्नु हुदैन । फल्दै जानु हाम्रो परमेश्वर को लागी महिमा हो त्यसैले हाम्रो प्रार्थना परमेश्वरले बिंसनु हुन्न । एक दिन हाम्रो जीवनमा फल फल्छ । हामीले जिवित परमेश्वरलाइ सेवा गरेका हौ । परमेश्वरलाइ थाहाँ थियो नुह को पालामा ८ जना मात्र जाहाज भित्र पस्छन् भनेर र पनि परमेश्वरले १२० शाल मान्छेहरुलाइ पर्खनु भयो । हाम्रो प्रभु धैर्य धारण गर्ने परमेश्वर हुनुहुन्छ । हाम्रो जीवनमा पनि परमेश्वरको जस्तै धैर्य धारण हुनुपर्छ । परमेश्वर कहिले पनि हार खानु हुन्न र हामी पनि कहिले पनि हार मान्नु हुन्न । परमेश्वर पर्खनु हुन्छ । हामीलाइ धेरै चोटि मौकाहरु दिनुहुन्छ । परमेश्वरले नुह को पालामा १२० शाल मौका दिनुभयो । त्यसपछि मात्र ढोका बन्द गर्नु भयो ।

१ पत्रुस ३:२१ [21]त्यो पानी बप्तिस्मा जस्तै थियो जसले आहिले तिमीहरुलाई बचाउँछ। बप्तिस्मा शरीरको मैला धुने होइन। बप्तिस्मामा हामी परमेश्वरसित पवित्र हृदयको निम्ति याचना गरिरहेकाछौं। यसले तिमीहरुलाई बचाउँछ किनभने येशू ख्रीष्टलाई मृत्युबाट उठाइएको थियो।

त्यो पानी भन्नाले नुह को बेलामा परेको पानी अर्थात प्रलय बत्तिस्मा को एउटा रुप हो । नयाँ करार मा उद्धार संग जोडेको तिन मुख्य कुरा छन् , पहिला हाम्रो जीवनमा बचन आए पछि यो दुष्ट संसार देखि अलग हुनुपर्छ , पस्चाताप गर्नुपर्छ ,दोस्रो येशु को काममा बिश्वास राख्नु पर्छ र त्यस पछि बप्तिस्मा लिनु पर्छ । त्यस पछि २ कोरिन्थी ५ को १७ मा भनेको जस्तै सबै काम नयाँ भयो । र त्यो मान्छे नयाँ संसारमा प्रवेस गर्छ । उदाहरण को लागी नुह हो । जब नुह जाहाज बाट बाहिर आउछ उ नयाँ सैसारमा प्रबेस गर्छ । हामी यो तिन कुरा को सत्यमा हर दिन चल्नु पर्छ । हर दिन हामीले पस्चताप गर्नु पर्छ र हर दिन परमेश्वरमा बिश्वास राख्नुपर्छ र साथै पहिला लिएको बप्तिष्मा को अनुसार हामीले हर दिन सोच्नुपर्छ कि म यो संसारको लेखी मरे र म नयाँ शृष्टि को लागी जीउने मान्छे हो । यो तिन कुरामा चल्यौ भने यो धार्मीकता होइन आउने वाला धार्मीकता छ त्यो हो परमेश्वर को राज्य । परमेश्वरको राज्य को राजदण्ड धार्मीकता हो । अधमी परमेश्वरको राज्यको हकदार हुदैन । न्याय को एउटा दिन छ । मुकुट पाउने एउटा दिन छ । परमेश्वरको राज्यको उत्तराधिकारी हुने एउटा दिन छ त्यसैले हरदिन बिश्वास मा चल्नु पर्छ । दाउदले परमेश्वर को सन्दुक को अगाडि नाच्छ । त्यो दिन कसैले दाउद एक दिन तिमीले अर्का को श्रीमती संग ब्यभिचार गर्नेछौ , त्यति मात्र नभएर उसको बुढोलाइ हत्या गर्नेछौ यो सबै भनेको भए उसले थप्पड दिने थियो कारण दाउदलाइ पनि थाहाँ थिएन एक दिन उसले यस्तो पाप गर्नेछ । त्यसै गरी हामीलाइ पनि थाहाँ छैन कति खेर हाम्रो जीवनमा पनि हामी के गरी पठाउछौ । हाम्रो भित्र भएको कुरा हामीलाइ पनि थाहाँ छैन परमेश्वरलाइ मात्र थाहाँ छ ।

उत्पत्ति ८:२०-२१ [20]त्यसपछि नूहले परम्मप्रभुको निम्ति एउटा वेदी उभ्याए र उनले केही पवित्र पशुहरु र पवित्र चराहरु परमप्रभुको निम्ति वेदीमा होमबलि चढाए।
[21]परमप्रभुले त्यस बलिदानहरुको बास्ना लिएपछि मनमा भन्नुभयो, "फेरि पृथ्वीलाई कहिल्यै पनि सराप दिने छैन। यसर्थ अब उसो कहिले पनि यस प्रकारका जीवित प्राणीहरुलाई नष्ट पार्ने छैन।

सबै भन्दा पहिला नुहले बेदी बनाए र पबित्र चरा र पशुको होमबलि चढाए र त्यो बलिको बास्ना लिएर परमेश्वरले अब श्राप छैन भन्नुभयो । नुहले बेदी बनाएर होम बलि चढाए कारण नुह आफ्नै काम को कारण बचेका होइनन् ,उनी येशु को बलिदान को कारणले मात्र त्यो न्याय देखी बाचेका हुनाले उनको आत्मामा परमेश्वरमा धन्यबादका भेटिहरु उठे त्यसैले परमेश्वरको लागी उनले धन्यबादको बेदि बनाएर जानवरको बलि चढाए ।

एफिसी ५:२ प्रेममय जीवन बिताऊ। ख्रीष्टले हामीलाई प्रेम गर्नु भए जस्तै अरूलाई प्रेम गर। ख्रीष्टले हाम्रा निम्ति आफूलाई सुगन्धित उपहार अनि परमेश्वरको बलिको रूपमा चढाउनुभयो।

पाप को दण्ड मृत्यु हो ।परमेश्वर भन्नुहुन्छ मेरो छोरा बेदिमा बलि को रुपमा अर्पण भइसक्यो अब तिमीहरुमा श्राप छैन ।

भजनसंग्रह ११६:१२-१३ [12]म परमप्रभुलाई के दिन सक्छु र? ममा भएका सबै कुराहरू परमप्रभुले नै दिनु भएको हो।
[13]उहाँले मलाई बचाउनु भयो, यसकारण म उहाँलाई अर्घ बलि चढाउनेछु। अनि म परमप्रभुको नाउँ बोलाउनेछु।

सबै कुरा परमेश्वर कै हो । हामीले परमेश्वरलाइ केहि पनि दिन सक्दैनौ तर उहाँले गर्नुभएको उद्धार को लागी उहाँलाइ उचाल्नु पर्छ । लजरस को जीवनमा यो जीवनको लागी केहि थिएन चंगाइ थिएन , खाना , कपडा , घर,केहि थिएन तर उसको जीवनमा उद्धार थियो । र त्यसको लागी लाजरसले परमेश्वरलाइ उद्धार को कचौरा उठाएर धन्यबाद दिए। त्यहि उद्धार को कचौरा उठाउने काम नुहले जाहाज बाट बाहिर आए पछि बेदि बनाएर होमबलि चढाएर गरे । त्यसै गरी हामीले पनि हर दिन हाम्रो उद्धार को कचौरा उठाउनु पर्छ । येशु को बलिदानले मेरो जीवनमा उद्धार आएको छ जुन मेरो कामले आएको होइन यो मात्र येशु को बलिदानले मेरो उद्धार भएको हो । अब मेरो जीवनमा श्राप छैन मेरो जीवनको श्राप हमेसा हमेसा को लागी येशुले उठाइलानु भयो अब मेरो आत्मा को मृत्यु हुदैन त्यसैले हर दिन बेदि बनाएर परमेश्वर को आराधना हामीले चढाउनु पर्छ । दाउदले धन्यबाद को कचौरा उठाउछ । त्यसैले येशुले भन्नुभयो म आउनेसम्म कचौरा उठाएर मेरो मृत्यु को निम्ति र तिमीहरुले पाएको उद्धार को निम्ति प्रभु भोज गर्दैरहनु । येशुले त्यो कचौरा बाट पिउनुभयो , मैले पिउनु पर्दैन ,उहाँले मृत्यु पिएको कारण मैले जीवन पाए अर्थात उद्धार पाए । त्यसको लागी हामीले धन्यबाद को भेटि चढाउनु पर्छ । नुहले पनि त्यहि गरे बेदि बनाएर परमेश्वरलाइ उसको उद्धारको निम्ति धन्यबाद चढाए । अहिले हाम्रो जीवनमा पहिला बिहान उठ्दा खेरी सबै भन्दा पहिला हाम्रो शिर र घुडा परमेश्वरको अगाडि टेकेर हाम्रो उद्धार को निम्ति धन्यबादको कचौरा उठाउनु पर्छ । चाहे हामीले यो संसारको जीवनमा संसारको थोक पाउ या नपाउ तर हामी संग अनमोल जो हामीले कमाउनै सक्दैनथ्यौ , त्यो उद्धार हामीले उहाँ बाट पाएका छौ । नुह १२० दिन पुरा रुपमा लक डाउन थियो भित्र को भित्रै थियो जब उ बाहिर आयो । संसारमा के के भएछ यसो हिडेर हेरौ केहि भनेन बाहिर निकल्ना साथ परमेश्वर को लागी बेदि बनायो र सुद्ध जानवर को बलिदान चढायो । हामी पनि हर दिन मेरो काम को कारणले होइन मेरो क्षमताको कारणले होइन केबल तपाइको बलिदानको र तपाइ कै काम को कारण ले मेरो उद्धार भएको हो भनेर हर दिन धन्यबाद को भेटि चढायौ भने हामी अनन्त को बिश्राममा जान सक्छौ । मिश्र देस देखी आएको पुस्ता बिश्राममा पस्न सकेन किनभने उनीहरुले परमेश्वरले गरेको उपकारहरु सबै बिर्से र धन्यबादको बेदि बनाएनन् । इजरायलीहरु मिश्र देशका कमाराहरु थिए मिश्रिहरुको घरमा काम गरेर गरेर बस्ने ब्यक्तिहरु थिए , थुमाको रगतमा बिश्वास गरेर एकै रातमा कमारा बाट आफ्नो सम्पत्ति लिएर स्वतन्त्र पाए । त्यसको लागी उनीहरुले केहि गर्नु परेन । धन्यबादको भेटि त काहाँ हो काहाँ उल्टा गनगन गर्न लागे पानी छैन, मासु छैन हामीलाइ मार्न लिएर आएको ? आदि इत्यादि

भजनसंग्रह १०३:[1]ए आत्मा, परमप्रभुको प्रशंसा गर! प्रत्येक मेरो अङ्गले उहाँको पवित्र नाउँको गुण-गान गर्दछ।
[2]हे मेरो आत्मा, परमप्रभुको प्रशंसा गर अनि नबिर्सि कि उहाँ नै वास्तवमा कृपालु हुनुहुन्छ।

हामीलाइ नियन्त्रणमा राख्ने हाम्रो प्राण हो प्राणले छिटो सबै थोक बिर्सिन्छ । त्यसकारणले आत्माले प्राण संग बोल्नु पर्छ हे मेरो प्राण परमेश्वरको सबै उपकारहरु नबिर्सि ।

[3] परमेश्वरले हाम्रा सारा पापहरू क्षमा गरिदिनु हुन्छ। उहाँले हाम्रा सारा रोगहरू निको पारिदिनु हुन्छ।

उहाँले हाम्रा सबै पापहरु क्षमा गर्नुहुन्छ । पापको क्षमा पाएको मान्छेहरु उता पुग्दा खेरी रोग नै हुदैन ।

[4]परमेश्वरले चिहानबाट हाम्रो जीवन बचाँउनु हुन्छ अनि हामीलाई उहाँले प्रेम र दया गर्नुहुन्छ।

उहाँले गरेको सबै कुराहरु हामीले कति छिटो बिर्स्यौ । येशुले भन्नुभयो मेरो बचन आत्मा हो । हामीले बचन सुन्दा प्राणले सुन्नुहुदैन यदि हामीले प्राणले सुन्यौ भने बुद्धिमानी हुन्छौ आत्मिक हुदैनौ । आत्मिक हुनको लागी बचन आत्माले सुन्नुपर्छ ।प्राणले सुनेको कुरा हामीलाइ सबै याद हुदैन । स्कुलमा पढेको कुरा हामीलाइ सबै याद हुदैन । पत्रिकामा पढेको कुरा हामीलाइ सबै याद हुदैन त्यसैगरी बाइबल स्टडी मा सुनेको कुरा हामीलाइ सबै याद हुदैन त्यसैले हाम्रो आत्मा हामीलाइ भन्छ हे मेरो प्राण परमेश्वरको उपकारहरु नबिर्सी परमेश्वर आत्मा हुनुहुन्छ त्यसैले परमेश्वर आत्मा संग मात्र बोल्नुहुन्छ । बिश्वास प्राणले गर्न सक्दैन बिश्वास पनि आत्मामा गर्नुपर्छ । प्राणले नदेखेको कुरा नबुझेको कुरा बिश्वास गर्न सक्दैन तर आत्माले नदेखेको र नबुझेको कुरा बझ्छ पनि र बिश्वास पनि गर्छ । जब परमेश्वरले यो गर् भन्दा प्राणले सुन्दैन , बुझ्दैन र गर्दैन तर आत्माले प्राणलाइ भन्छ चुप बस र यो काम गर् किनभने मैले आत्मामा सुनेको छु र बुझेको पनि छु । परमेश्वरको समयमा , परमेश्वरको सामर्थमा मेरो जीवनमा यसले असल कुरा लिएर आउछ भनेर आत्माले भन्छ । त्यसकारणले गर्दा बिश्वास आत्माले गर्छ प्राणले गर्न सक्दैन । बिश्वास सुनाइ बाट आउछ र सुनाइ परमेश्वर को बचन बाट आउछ । यो सबै सुनाइ आत्मामा हुन्छ । वास्तबमा बचन नै आत्मा हो र आत्मिक हो । जब हाम्रो आत्माले हाम्रो प्राणलाइ भन्छ हाम्रो प्राणले सुन्छ ।

उत्पत्ति ८:२१ [21]परमप्रभुले त्यस बलिदानहरुको बास्ना लिएपछि मनमा भन्नुभयो, "फेरि पृथ्वीलाई कहिल्यै पनि सराप दिने छैन। यसर्थ अब उसो कहिले पनि यस प्रकारका जीवित प्राणीहरुलाई नष्ट पार्ने छैन।
[22]जहिलेसम्म पृथ्वी रहन्छ, बिउ छर्ने र फसल काट्ने समय, जाडो र गर्मी, ग्रीष्म र शिशिर, दिन अनि रातको कहिल्यै अन्त हुनेछैन।"

परमेश्वरले भन्नुभयो अब म कहिल्यै पृथ्वीलाइ सराप दिने छैन । एउटा व्यक्ति को धार्मीकता र आज्ञापालनको कारण परमेश्वरले सबैलाइ श्राप दिन्न भन्नुभयो । एउटा व्यक्ति को धार्मीकता र आज्ञाकारीताले पुरा मानब जीवनको श्राप मुक्त भयो ।

उत्पत्ति ५:२९ [29]उनले आफ्नो छोरोको नाउँ नह राखे। उनले भने, "यसले हाम्रो काममा विश्राम दिओस्। परमेश्वरले भूमिलाई श्राप दिनु भएकोले हामी खेतीको लागि कठिन परिश्रम गर्छौं। तर नूहले हामीलाई विश्राम दिनु हुनेछ।"

नुह को बाबाले नुहको नाम नुह राखे किनभने नुह को अर्थ बिश्राम हो । नुह को बारेमा पहिलानै अगमबाणी भैसकेको थियो कि नुहले एक दिन सबैलाइ बिश्राँम दिनेछ । त्यो अगमवाणी यति खेर आएर पुरा हुन्छ । नुह को कारण परमेश्वरले भन्नुभयो अब को उप्रान्त म कहिले पनि पृथ्वीलाइ श्राप दिनेछैन । नुह को बोलावट नै संसारलाइ श्राप बाट मुक्त गर्ने उसको नाम को अर्थ नै त्यहि थियो । मृतशलालाइ  हनोकले नाम दिए र अगमबाणी बोले मृतशला मरेपछि न्याय आउनेछ । नुह को बारेमा यो छोरो द्बारा संसारमा शान्ति आउनेछ । यि दुबैले परमेश्वरको बोलावटलाइ पुरा गरे । हामिले पनि परमेश्वरले हामीलाइ बोलाउनुभएको उदेस्य पुरा गर्नुपर्छ । आमेन

*प्रार्थना*

*प्रभु धन्यबाद , धन्यबाद, धन्यबाद ।  प्रभु नुहको लागी धन्यबाद यिनीहरु हाम्रा पुर्खाहरु हुन् एक दिन हामी उहाँलाइ भेट्नेछौ ।र त्यति खेर हामीले भेटेर धन्यबाद दिनु पर्छ । नुहले पनि तपाइ को जीवन बाट सिक्यो । हर दिन हामीले पनि तपाइको जीवन देखी सिक्नु पर्छ  । हिब्रु ११ को १ ले  भन्छ हामीलाइ शन्तहरुको बादलले घेरेको छ । बिश्वास को कारण हामी पनि धैर्य साथ  अगाडि बढ्न पर्छ । येशु मशिह को नाममा आमेन ।*